सुदूरपश्चिम विश्वविद्यालय

# प्राकृतिक स्रोत व्यवस्थापन संकाय

## स्कुल अफ नेचुरल रेसोर्स म्यानेजमेन्ट

धनगढी, कैलाली

प.सं. : ०८२ / ०८३

च. नं.

## वन विज्ञान स्नातक तहको (B.Sc. Forestry) प्रवेश परीक्षा सम्बन्धि संशोधित सूचना ।

### प्रवेश परीक्षाको Online/offline आवेदन फाराम भर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

सुदूरपश्चिम विश्वविद्यालय प्राकृतिक स्रोत व्यवस्थापन संकाय स्कुल अफ नेचुरल रेसोर्स म्यानेजमेन्ट धनगढी, कैलाली अन्तर्गत वन विज्ञान स्नातक तह (B.Sc. Forestry) कार्यक्रमको शैक्षिक सत्र २०८३/०८४ (सन् २०२६) मा नयाँ भर्ना नियमित कोटा ४० जनाका लागि प्रवेश परीक्षा संचालन गरिने भएको हुनाले भर्ना हुन इच्छुक विद्यार्थीहरुबाट Online/Offline प्रवेश आवेदन फाराम माग गरिएको छ ।

समय तालिका : नियमित कोटा (४०जना)

| | |
|---|---|
| प्रवेश परीक्षा आवेदन फारम भर्ने मिति | २०८३/०३/१८ देखि २०८३/०४/१४ सम्म |
| विलम्ब शुल्क सहित आवेदन फाराम भर्ने मिति | २०८३/०४/१५ देखि २०८३/०४/२१ सम्म |
| फाराम स्वीकृत परीक्षार्थीहरुको अन्तिम नामावली प्रकाशन | २०८३/०४/२२ गते |
| प्रवेश पत्र वितरण | २०८३/०४/२२ गते |
| प्रवेश परीक्षा संचालन हुने मिति र समय | २०८३/०४/२३ गते विहान ११ बजे देखि |
| प्रवेश परीक्षा संचालन हुने केन्द्र | स्कुल अफ नेचुरल रेसोर्स म्यानेजमेन्ट धनगढी, कैलाली, काठमान्डौको हकमा परीक्षा केन्द्र पछि निधारण गरिने छ । |

सिद्धराज पन्त

स्कुल प्रमुख

स्कुल प्रमुख

सुदूरपश्चिम विश्वविद्यालय
प्राकृतिक स्रोत व्यवस्थापन संकाय
**स्कुल अफ नेचुरल रिसोर्स म्यनेजेमेंट**
**धनगढी, कैलाली**

# स्नातक तह वन विज्ञानमा भर्ना सम्वन्धि सूचना

यस प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलालीमा शैक्षिक सत्र २०८३/०८४– २०८७/०८८ चार वर्ष) का लागि स्नातक तह वन विज्ञान प्रथम सेमेस्टरमा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि निम्नानुसार आवेदन फाराम आह्वान गरिन्छ ।

१. जम्मा विद्यार्थी भर्ना कोटा संख्या ४० (चालिस) जना रहनेछ ।

२. जम्मा विद्यार्थी भर्ना कोटा संख्या ४० जना मध्ये आरक्षित छात्रवृति कोटा २५% (पच्चिस प्रतिशत) रहनेछ ।

३. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ अथवा CTEVT मा (वन विज्ञान, कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ ) वा सो सरहको तहमा'कम्तीमा पैचालिस प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा सो सरहमा C Grade/2 GPA प्राप्त गरेको हुनुपर्नेछ ।

४. प्रवेश परीक्षा शुल्क रु. २,५००।- (दुईहजार पाँचसय) जम्मा गर्नुपर्नेछ ।

५. दिइएको समय भित्र फाराम नभरेमा प्रवेश परीक्षाको लागि विलम्ब शुल्क **रु. ५,०००।- (पाँचहजार)** लाग्नेछ ।

६. **एकभन्दा बढी आरक्षित कोटाको** लागि फाराम भर्न चाहेमा प्रति कोटा थप **रु.१,००० ।-(एकहजार)** का दरले अतिरिक्त शुल्क लाग्नेछ ।

७. आरक्षित कोटा छनौट गर्दा प्राथमिकताका आधारमा गरिनेछ ।

८. **प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद :**

(क) प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद :मिति २०८३/०३/१८ गते देखि मिति .२०८३/०४/१४ गतेसम्म

(ख) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विलम्ब म्यादः मिति २०८३/०४/१५ गते देखि मिति २०८३/०४/२१ गतेसम्म ।

(ग) योग्य परीक्षार्थीहरुको अन्तिम नामावली प्रकाशन : मिति २०८३/०४/२२ गते ।

(घ) प्रवेश पत्र वितरण : मिति २०८३/०४/२२ गते ।

(ङ) प्रवेश परीक्षा संचालन मिति २०८३/०४/२३ गते शनिबार ११:०० बजे देखि।

(च) परीक्षा केन्द्रः स्कुल अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट , धनगढी, कैलाली र काठमाडौंको हकमा परीक्षा केन्द पछि निर्धारण गरिने छ।

(छ) प्रवेश परीक्षा नतिजा प्रकाशन : मिति २०८३ /०४/२५गते गरिने छ।

(ज) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैक लिमिटेड धनगढी, कैलालीमा रहेको स्कुल अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट **खाता नं. १३७००१०७९८८०५५००००01** मा दाखिला गरेको सक्कल बैक भौचर अथवा **Mobile Banking** मार्फत दाखिला गरेको प्रमाण एवं आवश्यक कागजातहरुको PDF फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम **website, https://facultynrm.fwu.edu.np** मार्फत

Online अथवा स्कुल अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट , धनगढी, कैलालीमा भौतिक रुपमा (Offline) उपस्थित भई कागजात पेश गर्न सकिनेछ ।

(झ) Online मार्फत Upload भैसकेका प्रवेश परीक्षा आवेदन फारामहरु रुजु भैसकेपछि Confirmation Message र प्रवेश पत्र सम्बन्धित विद्यार्थीको email मा जाने भएकोले आफ्नो प्रवेश पत्र स्वयं विद्यार्थीले नै प्रिन्ट गरी प्रवेश परीक्षा दिन आउंदा प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैंक भौचर साथमा लिई आउनुपर्नेछ प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलालीमा भौतिक रुपमा (Offline) उपस्थित भई पेश भएका फारमहरुको प्रवेश पत्रका लागि संकायमा सम्पर्क गर्नुपर्नेछ ।

(ञ) प्रवेश परीक्षा आवेदन फाराम भर्दा Upload गर्नुपर्ने कागजातहरु:

- SLC/SEE को Mark sheet/Grade Sheet & Certificate
- +2 वा सो सरहको Transcript, Provisional and Migration Certificates
- छात्रवृतिको लागि आरक्षित कोटाको लागि सम्बन्धित निकायको सिफारिस ।
- नेपाली नागरिकता र पासपोर्ट साईजको फोटो ।
- सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेको भए सो प्रमाणित हुने सम्बन्धित निकायको सिफारिस ।
- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता (Equivalent) प्रमाणपत्र ।

(ट) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

## ९. आरक्षित २५% छात्रवृत्तिको व्यवस्था:

सुदूरपश्चिम विश्वविद्यालय, प्राकृतिक स्रोत व्यवस्थापन संकाय, डीनको कार्यालयद्वारा B.Sc. Forestry पढाईका लागि प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ ।

(क) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला १ जना ।

(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष १ जना ।

(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने सुदूरपश्चिम विश्वविद्यालय अर्न्तगतका आंगिक क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीका छोरा/छोरी मध्येबाट १ जना ।

(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी १ जना ।

(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित १ जना ।

(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति १ जना ।

(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानीय १ जना । धनगढी उपमहानगरपालिका भित्र स्थायी बसोबास गरी सम्वन्धित उपमहानगर पालिकाबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ) ।

(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपांग १ जना ।

(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना । (सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गरी सम्वन्धित क्षेत्रबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)

(ञ) शहिद परिवार/द्वन्द पिडित/अनाथहरु मध्ये योग्यता सुचीमा उत्कृष्ट अंक प्राप्त गर्ने १ जना ।

**नोट : आरक्षित कोटामा फाराम भर्दा सम्बधित कागजात पनि सँगै पेश गर्नुपर्नेछ ।**

CamScanner

१०. सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका लागि पनि छात्रवृत्ति कोटा छुट्याइएको छ। जसअनुसार सुदूरपश्चिम प्रदेश का ९ वटा जिल्लाहरुबाट १/१ गरी जम्मा ९ जना। (सम्वन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयहरुमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ।

१२. प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ।

१३. SLC/SEE १०% (दश प्रतिशत), १०+२ (विज्ञान/वन विज्ञान) वा CTEVT मा (वन विज्ञान, कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ) १०% (दश प्रतिशत) र प्रवेश परीक्षाको ८०% (असी प्रतिशत) अङ्कभार कायम गंरी योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ।

१४. प्रवेश परीक्षामा प्रमाणपत्र तहको Syllabus बमोजिम निम्नानुसारका वस्तुगत प्रश्नहरु समावेस गरिने छ। प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्नहरु हुनेछन् जसका लागि १:३० घण्टाको समय हुनेछ र अकंको विभाजन निम्नानुसार गरिएको छ।

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | English | 14 |
| 2 | Chemistry | 14 |
| 3 | Physics | 14 |
| 4 | Botany | 15 |
| 5 | Zoology | 15 |
| 6 | Mathematics | 14 |
| 7 | Forestry | 10 |
| 8 | General Knowledge | 4 |
| | Total Marks | 100 |

१५.प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि प्राकृतिक स्रोत व्यवस्थापन संकायको प्राकृतिक स्रोत व्यवस्थापन संकायको टेलिफोन नं. ०९१-५९१९६०, ९८५८४८७५७०, ९८४३४९५८९७, ९८६८८०६४८५ मा सम्पर्क गर्न वा website https://facultynrm.fwu.edu.np/ मा हेर्न सकिनेछ।

**प्रवेश परीक्षा व्यवस्थापन तथा संचालन समिति**

CamScanner